# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट

बाग्मती प्रदेश, नेपाल ।
मिति : २०७७०७०९

**अत्यन्त जरुरी सूचना !**

यस नगरपालिकामा कोरोना भाइरस कोभिड – १९ बढ्दै गएको वर्तमान अवस्थामा यस नगरपालिकाको वडा नं. ९ स्थित नगर कार्यपालिकाको कार्यालय, बाघखोरमा मिति २०७७/०७/०२ मा लिइएको स्वाब मध्य हालै (मिति २०७७/०७/०८ को प्राप्त PCR रिपोर्ट अनुसार) ४ जना कोरोना संक्रमित देखा परेको साथै वडा नं. ७ र ८ बाट संकलित १७ जनाको स्वाब मध्य ४ जनाको रिपोर्ट पोजेटिभ आएको सन्दर्भमा संक्रमितहरु वडा नं. ३, ७, ८ र १० निवासी रहेको र प्रयोगशालाबाट रिपोर्ट आउन केहि ढिलाई देखिएको अवस्थामा संक्रमण अझ फैलिन सक्ने हुँदा सो क्षेत्रहरु उच्च जोखिममा रहेको व्यहोरा अवगत गराउंदै उक्त वडाहरुका साथै वडा नं. ९ नगरपालिका कार्यालय आसपासका क्षेत्र र बाघखोर बजार क्षेत्रमा समेत २०७७ कार्तिक ०९ गते विहान १०:०० बजेदेखि ७ दिनसम्मका लागि देहायका कार्यहरु गर्न/ गराउन रोक लगाउने गरी यो सूचना जारी गरिएको व्यहोरा अनुरोध छ। यसको वर्खिलाप भए गरेको पाइएमा कानून वमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

उक्त क्षेत्रहरुमा देहायका कार्यहरु गर्न / गराउन रोक लगाइएको छ :

१. औषधी उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने जस्ता आवश्यक काममा वाहेक कुनै पनि व्यक्ति घर वाहिर निस्कन।
२. एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र अनुमती प्राप्त सवारी साधन वाहेक कुनै प्रकारका सार्वजनिक वा निजि यात्रु तथा मालवाहक सवारी साधन (मोटरसाइकल समेत) संचालन गर्न।
३. अत्यावश्यक उपभोग्य वस्तु विक्री गर्ने खाद्यान्न पसल र औषधि पसल वाहेक सम्पूर्ण पसल, उद्योग व्यवसाय संचालन गर्न। तर खाद्यान्न पसल विहान ६:०० बजेदेखि १०:०० वजेसम्म मात्र खोल्न पाइने।
४. धार्मिक सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरु संचालन गर्न।
५. बालबालिका, अशक्त विरामी, जेष्ठ नागरिक, गर्भवती महिलाहरुलाई अत्यावश्यक कार्य वाहेक घर वाहिर निस्कन तथा हिंडडुल गर्न।
६. बडा दशैंको अवसरमा टिका जमरा लगाउन भनि आफ्नो घर परिवार बाहेक अन्यत्र जान।
७. अत्यावश्यक सेवाका कार्यालय वाहेक सबै सरकारी, निजि तथा गैरसरकारी क्षेत्रका कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुबाट हुँदै आएका नियमित सेवा संचालन गर्न। साथै वडा नं. ९ बाघखोरमा रहेको सानिमा बैंक समेत संचालन गर्न।

पुनश्च : जिल्ला वाहिर वा अन्यत्र स्थानबाट आएका व्यक्तिहरुलाई वडा स्तरीय कोरोना रोकथाम समूह (CPG) को निगरानीमा होम Quarantine मा बस्न / बस्न लगाउन आग्रह गर्दछु। कोरोना भाइरस कोभिड – १९ रोकथाम तथा नियन्त्रणका लागि यसपालिको चाडपर्व मनाउंदा स्वास्थ्य मापदण्ड अपनाउन, जारी विकास निर्माण कार्यहरु गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरेर मात्र अगाडी बढाउन जानकारी गराइन्छ।

.......................................
राजेन्द्र रमण खनाल
प्रमुख